# १० मुकुण्डोको पछाडि

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* हितोपदेश २५:२,३, हितोपदेश २६:११,१२, १ कोरन्थी १:२०,२१, हितोपदेश २६:१३-१६, हितोपदेश २७:५,६ ।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **“राजाको सामुन्ने फाईंफुट्टि नलगाओ। महान वा गन्यमान्य व्यक्तिहरूको बीचमा आफ्नो भाऊ खोज्न प्रयास नगर्नु वा तिनीहरूको बीचमा रहन अपेक्षा नगर्नु।" हितोपदेश २५:६ रूपान्तरित।**

**अत्यन्त लोभ्याउने फल भएको र आँखालाई नै तिरमिराउने खालको आकर्षित रूखको पछाडि सर्पको रूप लिएर आएको शैतानले हव्वालाई चिप्लो घसेर यस्तो मिठो बोली बोल्दछ कि मानौं ऊ उनको सुखसमृद्धिप्रति अत्यन्त चासो लिएको छ।** तर यथार्थमा शैतानले उनको सामु मृत्युको घन्टा बजाइरहेको थियो। आफू चहकिलो ज्योतिको परी, अप्सरा वा देवदूत भएको देखाउँदै मानिसको सामु अत्यन्त खतरनाक धराप थाप्न तयार गरेको थियो (२ कोरन्थी ११:१४)। तर त्यो भन्दा अत्यन्त भयानक धरापचाहिँ परमेश्वरले सृष्टि गर्नुभएको अत्यन्त सुन्दर, धुर्त र चलाक नागको खोल ओढेर शैतानले अभिनय गरेर हव्वालाई मख्ख पारेको थियो। आज कतिपय मानिसहरू धर्म वा अरू कुनैको नाउँमा अनेकन् बहाना गरेर आफ्नो असली रूप लुकाएर कतिपयलाई धोका दिइरहेका छन् त्यो मानिसको जीवनलाई धरातलमा खसाल्ने त्यो भन्दा खतरनाक खेल अरू के होला? यदि हामी ढोंगी भएर अरूलाई ठग्छौं भने तिनीहरूलाई मात्र होइन हामी आफैलाई पनि ठग्न गइरहेका हुन्छौं।

छलकपट, अरूलाई धरापमा पार्ने चाल, धोका दिने नियत जस्ता स्वभावहरू लिएर अरूलाई फसाउने धेरै तरिकाहरू छन्। ती मध्ये अत्यन्त प्रचलित तरिकाचाहीँ बोलीवचनबाट हो। यस हितोपदेशको पुस्तकमा उल्लेख गरिएका केही बोलीहरू जस्तै-झुठो वा कपट बोली,

चिप्लो घस्ने बोली, मिठो बोलेर अरूलाई मखख पार्ने भाषाले मानिसलाई कसरी धरापमा पार्छ भन्ने विषयलाई लिएर यस अध्याय तयार गरिएको छ। ती बोलीहरूले सुन्नेहरूलाई अत्यन्त मुग्ध पार्छन् र मानिसहरूको भावनामा अत्यन्त अचम्म तरिकाले छुन्छ तर तिनीहरूको पर्दा पछाडि नैतिकहीन, कुरुप विचार र योजना वा नियतहरूको चलखेल भइरहेको हुन्छ। त्यसकारण गर्दा हामीले बोलेको बोलीमा वढो होशियार हुनुपर्छ र अरूले बोलेको कुरामा राम्रोसँग जोख्न जान्नुपर्छ। यस अध्यायको निचोडमा हामी शायद यो भन्न सक्छौं: "मैले तिमीहरूलाई ब्वाँसाहरूको बीचमा भेँडाहरू जस्तै गरि पठाउँदैछु। त्यसकारण सर्प जस्तै चलाक होऊ र ढुक्कुर जस्तै सोझो तथा अनाक्रमक होऊ।" (मत्ती १०:१६ रूपान्तरित)।

## १. परमेश्वरको रहस्य (हितोपदेश २५:२,३)

मानिसको जीवन रहस्य नै रहस्यहरूले भरिएको छ। एक जना डेभिड ड्युच नाउँ गरेका वैज्ञानिकले लेखेका थिए "जब भौतिक शास्त्रलाई प्रयोग गरेर जीवनको बारेमा व्याख्या गर्न खोज्छ तब मानव जीवनको बारेमा बुझ्न झन कठिन हुन्छ। यदि डेक्चिमा पानी भरेर उमाल्यो भने त्यस उम्लिरहेको पानीमा भएको अणुले के मात्र गर्न सक्छ भन्ने कुरा बिश्वको कुनै सुपर कम्प्युटर वा अत्याधुनिक कम्प्युटरले हिसाब गर्न सक्दैन। पानी उम्लनुभन्दा पहिले कस्तो थियो र त्यसको वरिपरिका कुराहरूलाई हामीले वाख्या गर्न प्रयास गरेतापनि त्यस उम्लिरहेको पानीको अणुले के गर्न सक्छ भन्ने कुरा वाख्या गर्न असम्भव छ।"-बिगिनिङ्ग अभ इनफिनिटीः इक्स्पालेनेशन दाट ट्रान्सफोर्म द वर्ल्ड (न्यु योर्कः पेन्गिवन २०११), पृ. १०७बाट रूपान्तरित।

यदि मैहुँ भन्ने हस्ती वैज्ञानिकले जाबो साधारण पानीको अणुको बारेमा अकमक पर्छ भने परमेश्वरको अस्तित्व र रहस्यको बारेमा जान्न हामीले आँट गर्न सक्छौं र?

हितोपदेश २५:२,३मा एउटा महत्त्वपूर्ण विषयलाई औंल्याएको छ। हामीहरूको दैनिक जीवनमा त्यसलाई कसरी प्रयोग गर्न सक्छौं? हेर्नुहोस्: २ कुनै कुरा गोप्य राख्नुमा परमेश्वरको महिमा हुन्छ, कुनै

कुराको खोजी निकाल्नुमा राजाहरूको महिमा हुन्छ। ३ जसरी स्वर्गहरू उच्च छन् र पृथ्वी गहिरो छ, त्यसरी नै राजाहरूका हृदयको खानतलासी गर्न नसकिने हुन्छ।"

परमेश्वरको महानता र राजा तथा शासकहरूको महानताको बीचमा के भारी अन्तर छ भन्दा परमेश्वरमा मात्र रहस्यमय स्वभाव हो। मानिसले उहाँको स्वभावको बारेमा पूरा जान्न असमर्थ छ भनेर उक्त पदहरूले देखाउँदछन्। हाम्रो रहस्य भन्ने शब्द हिब्रू भाषाको एसटिआर-str-बाट आएको हो जसको अर्थ छिपाउनु वा लुकाउनु हो। परमेश्वर सत्य परमेश्वर कसरी हुन्छ भनेर वाख्या गर्न हिब्रू धर्मशास्त्रमा त्यो शब्द प्रयोग गरिएको हो (यशैया ४५:१४,१५)। परमेश्वरको बारेमा कतिपय कुराहरू छन् जुन् हामीले त्यसै जान्न सक्दैनौं। तर अर्को कुरा गर्ने हो भने महान् राजाहरूको यश केमा छ भन्दा मानिसहरूले तिनीहरूको काम र स्वभावको बारेमा प्रश्न गर्न सक्दछन्। अरूप्रति आफ्नो कामको जिम्मेवारी हुनु नै असल अगुवा वा शासकको असली गुण हो (व्यवस्था १७:१४-२०)। के कसो भइरहेको छ सोको खोजनीति गर्नु राजा वा शासकको कर्तव्य हो (हितोपदेश २५:२) त्यसको अर्थ आफूले के गरिरहेको छ अरूलाई जानकारी दिनु उसको असली गुण हो।

जीवनमा धेरै जवाफ दिन नसक्ने प्रश्नहरू छन्। क्षणिक भरमा भएको घट्नाले मानिसको जीवन र मरणलाई असर पार्न सक्छ। कतिपय मानिसहरू एक वियोगान्त जीवनबाट अर्को पिडादायी जीवनमा पस्रिन्छन् भने अरूमा ठीकै भएको देखिन्छ। ती सबैले यो भन्दछन् कि हामी सबै जना विश्वासको आधारमा जिउनुपर्छ। तपाईंको अहिलेको जीवनमा के भइरहेकोछ त्यसलाई परमेश्वरमाथि आस्था र भरोसा राखेर चल्नु पर्छ नत्र अर्को विकल्प के छ त?

## २. मूर्खले पनि आफू सबै कुरा जानेको छु भने फाइँफुट्टि लगाउँछ (हितोपदेश २६:११,१२)

सत्य भनेको थरि थरिका मानिसहरूको निम्ति हुन्छ सत्यलाई जतातिर तन्क्याएपनि हुन्छ भनेर कतिपयले तर्क गर्छन्। उदाहरणमा

हेर्ने हो भने एउटा व्यक्ति वा संस्कार तथा संस्कृतिको निम्ति सत्य एउटा हो भने अर्कोको निम्ति त्यो सत्य नहुन सक्छ। त्यही सन्दर्भमा एक जनाको विश्वास वा आस्था उसको लागि ठीक भएतापनि अर्कोको लागि खतरनाक हुनसक्छ। तर कतिपय कुराहरू जो जहाँ भएतापनि ठीक छ भने अरू बेठीक हुन्छ। ठीक वा बेठीक छुट्याउने आत्मनिर्णयको अधिकार सबैलाई दिइएको छ। आखिरमा हामीहरूले परमेश्वरको वचन अनुसार हामीहरूले आफूहरूलाई समर्पण गर्नुपर्छ र त्यहाँ पाइएको सत्यहरूमा हामी ढालिनुपर्छ। येशूभक्तहरूको निम्ति ठीक बेठीक, सत्य असत्य, खराब असल जोख्ने अन्तिम तराजु परमेश्वरको वचन नै हुन्छ ।

जसले जे भने जे भनेतापनि के काम नगर्न हामी सधैं चनाखो हुनुपर्छ? हेर्नुहोस् त देहायका पदहरूमाः हितोपदेश २६:११,१२ “जसरी कुकुर आफ्नै बान्ता खान फर्किन्छ, त्यसरी नै मूर्खले आफ्नो मूर्खता दोहो-याउँछ। १२ आफ्नै नजरमा आफूलाई बुद्धिमान् ठान्ने मानिस देखेका छौ? त्यसको भन्दा त बरु मूर्खको लागि धेरै आशा हुन्छ।", न्यायकर्ता २१:२५ “ती दिनमा इस्राएलमा कुनै राजा थिएन, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही गर्दथ्यो।", १ कोरन्थी १:२०,२१ "बुद्धिमान् कहाँ छ? शास्त्री कहाँ छ? यस युगका तर्क गर्नेहरू कहाँ छन्? के परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख तुल्याउनुभएन र? २१ संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचार गरेको सुसमाचारको मूर्खताद्वारा नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो।", १ कोरन्थी २:६,७ “तापनि परिपक्व भएकाहरूका बीचमा हामी बुद्धिको प्रचार गर्दछौं, तर यस युगको बुद्धि होइन, न त यस युगका शासकहरूको बुद्धि, जो निश्चय बितिजानेछ। ७ तर हामी परमेश्वरको गुप्त र लुकेको बुद्धिको प्रचार गर्दछौं, जो युगयुगअघि हाम्रो महिमाको निम्ति परमेश्वरले नियुक्त गरिदिनुभयो।", २ कोरन्थी १:१२ “यस कुरामा हामी गर्व गर्छौं, अनि हाम्रो विवेकले पनि त्यसको गवाही दिन्छ, कि संसारमा र विशेष गरी तिमीहरूसँगको हाम्रो सम्बन्धमा हामी

पवित्रता र ईश्वरीय सत्यतामा चलेका छौं, यो सांसारिक बुद्धिअनुसार होइन, तर परमेश्वरको अनुग्रहबाट हो।"

आफ्नो आँखाको सामु जे ठीक छ त्यही गर्ने सोच कुनै नौलो होइन भनेर हामी यहाँ हेर्छौं। तर त्यसबेला जे गलत थियो अहिले पनि त्यही गलत छ। हामी कसैले सबै कुरो थाहा छ भन्न सक्दैनौं। त्यसले गर्दा हामी विभिन्न पक्षहरूमा बढ्ने र सिक्ने ठाउँ प्रसस्त छ। त्यसकारण हामीले खुला दिल र दिमागले यो सोचिरहनु आवश्यक छ कि हामीसँग सबै प्रश्नका जवाफहरू छैन।

तर मूर्खहरूको बारेमा हामी चनाखो हुनुपर्छ किनभने तिनीहरूको प्रभाव तिनीहरूभन्दा बाहिर गएको हुन्छ। आफ्नो ज्ञानमा लिँढे ढिपी गरेर आफैमात्र ठीक छ भन्दछन्। त्यसको फलस्वरुप तिनीहरूले मूर्ख काम गर्न निरन्तरता दिइरहेको हुन्छ। कतिपय मानिसहरूले ती मूर्खहरू कतिको बुद्धिमानी रहेछ भनेर सराहाना पनि गर्नसक्छ। अनि तिनीहरूले मूर्खलाई सम्मान गर्छन् र तिनीहरूबाट सरसल्लाह लिन्छन्। त्यसले ठूलो समस्याहरू उब्जाउन सक्छन् (हितोपदेश २६:८)। मूर्खता सजिलैसँग फैलिन सक्छ। तर त्यो त ज्ञानी वा धार्मिक विद्या हो भनेर वर्गीकरण वा लेबल गरेपछि त्यसले अझ बेसी खतरा उत्पन्न गराउन सक्छ। त्यतिमात्र कहाँ हो र? मूर्खहरू यस्तो मूर्ख हुन्छन् कि आफूहरूको मूर्खतालाई थाहा नै नपाएको हुन्छ।

कतिपय आधारभूत सत्य हो भनेर तपाईंले पकडि राखेतापनि कहिलेकाहीँ त्यसलाई छोड्न तपाईं कतिको लोभमा पर्नुभएको छ? जब कुनै मौलिक मूल्य मान्यताहरू एक आपसमा बाँझियो भने तपाईंको दिमाग सर्केको अनुभव गर्नुभएको छ? के कुरामा विश्वास गर्नु के कुरामा विश्वास नगर्ने त्यो हामीले कसरी थाहा पाउने?

## ३ अल्सी, सुस्त, जाँगर नभएको व्यक्ति (हितोपदेश २६:१५)

"जो मानिस काम गर्न चाहन्दैन उसले आफ्नो थालबाट हात निकाल्न चाहन्दैन। उसले आफ्नो हात मुखसम्म ल्याउन पनि धेरै थाकेको देखाउँछ।" (हितोपदेश २६:१५ रूपान्तरित)।

कतिपय विद्यार्थीहरू लगानशील भएर पढ्नुको सट्टा जाँचमा कसरी चोर्ने भनेर योजना बनाउँदै आफ्नो समय र बल खर्च गरिरहेका हुन्छन्। अल्सी मानिसहरू पनि त्यस्तै हुन्छन्। तिनीहरूले आफ्नो अल्सीपनालाई ठीक भनेर बहाना बनाउन अनेकन् प्रयास गरिरहेका हुन्छन्।

हितोपदेश २६:१३-१६मा हामीलाई के कुरामा सतर्क गराइएको छ? हेर्नुहोस्: "३ अल्छेले भन्छ, "सड़कमा सिंह छ, डरलाग्दो सिंह गल्लीहरूमा डुलिरहेको छ!" १४ ढोका आफ्नो कब्जामा यताउता फर्केझैं अल्छे आफ्नो खाटमा पल्टन्छ। १५ अल्छेले आफ्नो हात थालमा गाड्छ,र आफ्नो मुखसम्म पुऱ्याउन पनि त्यसलाई अल्छी लाग्छ। १६ ढङ्ग मिलाएर जवाफ दिने सात जना मानिसभन्दा पनि अल्छे आफ्नै नजरमा बुद्धिमान् बन्छ।"

अल्सी मानिस ठीक पनि हुन सक्छ यदि बाहिर सडकमा सिँह छ भने। त्यसकारण घरमै सुरक्षित भएर बस्नु असल हो। खतरासँग किन संघर्ष गर्ने? तर खतरासँग सामना गर्नुको सट्टा घरमा मात्र बसिरहँदा हामीहरूलाई जीवनले दिने अनेकन् अवसरहरू पनि गुमाइरहेका हुन्छौं। यदि काँडाले घोच्ला भनेर डराएर बस्यौं भने हामीले गुलाफको फुलको सौन्दर्यतालाई कहिले पनि सराहना गर्न सक्दैनौं न त त्यसको सुगन्धमा नै रमाउन सक्छौं। यदि समस्याहरूदेखि डराउँछौं भने हामी कहिल्यै पनि अघि बढ्न सक्दैनौं। जो मानिस काम गर्न हिच्किचाउँछन् त्यसले जीवनको पूरा स्वाद पनि लिन सक्दैन।

माथिका पदहरूमा उल्लेख गरेका अरू केहि प्रतिक वा शब्दचित्रहरूको बारेमा सोच्नुहोस्। पद १४मा कब्जामा ढोका हल्लिन्छ तर त्यो ढोका कहीँ पनि जान्दैन रे भनेर उल्लेख गरिएको छ। त्यसरी नै अल्सी मानिसहरू सुतेरमात्र बस्छन्। अर्थात् तिनीहरू ओछ्यानमा मात्र यताउती पल्टन्छन्, तर अन्त कहीँ पनि जान्दैन।

१५ पदमा दिइएको अर्को चित्र त झन झट्का दिने खालका छन्। पस्केको खानालाई पनि आफ्नो हातले लिएर खान पनि जाँगर

छैन। आफूले कमाएर पकाउन त कहाँ हो अरूले पकाएको भात पनि खवाइदिनुपर्ने! कस्तो अल्सीको पराकाष्ठा हो?

तर त्यो भन्दा अल्सी व्यक्ति त झन अर्को छ जसले आफ्नो मगज अलिकति पनि खियाउन चाहन्न। तिनीहरूको बन्द दिमाग त झन वाक्क लाग्दो छ। ती मानिसहरू आफ्नै संकुचित भावनामा पौडी खेलिरहेको हुन्छन् र कुनै पनि नयाँ कुरा सिक्न हिचकिचाउँछन्। आफू जे छु सधैं ठीक छु भनेर तिनीहरू चित्त बुझाएर बस्छन्। सात जना बुद्धिमानी मानिसहरूभन्दा आफू ठीक छु भनेर तिनीहरू ढुक्क भएर बस्छन्। ज्ञान भनेको प्रगतिशील हो तर तिनीहरू अरूको सोचबिचार, ज्ञान, तर्क वा अर्तीदेखि तर्सिन्छन्। जे थाहा छ त्यति भए पुगिहाल्छ नी नयाँ कुरा किन सिक्नुपर्‍यो भनेर आफ्नो ढिपीमा अडान लिएर बस्छन्। तर जो मानिसहरू आफूसँग सबै जवाफहर छन् भनेर दाबी गर्छन् तिनीहरूसँग छलफल गर्नु पनि समयको खेर फाल्नु हो।

“न्यायको समयमा इमान्दारपूर्वक गलत बिचार वा आस्थालाई विश्वास गरेकोले तिनीहरूको न्याय हुँदैन तर जानाजानी सत्यलाई विश्वास नगरेकोले तिनीहरूको न्याय हुनेछ। तर सत्यलाई सिक्ने अवसर गुमाउन चाहेकोले पनि तिनीहरूको न्याय हुनेछ।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५५बाट रूपान्तरित।

अरूलाई सत्य सिकाउने हामीहरूको अवसर वा कर्तव्यलाई हामीले के भन्ने? हामीहरूको **जिम्मेवारी कहाँबाट सुरू हुन्छ र कहाँ अन्त हुन्छ?**

## ४. जब मित्र शत्रु बन्छ (हितोपदेश २७:५,६)

यो तिती सत्य हो कि हामीहरू शत्रुहरूबाट भन्दा मित्रहरूबाट हामी कतिपय समयमा निराश भएका छौं। साथीबाट भलाई र शत्रुबाट खराब हामीले अपेक्षा गरेकै कारणले हामी त्यो स्थितिको अनुभव गर्छौं। हुन त यो सधैं त्यस्तो हुनै पर्छ भन्ने छैन। कतिपय समयमा साथीहरू शत्रु जस्तो देखिन्छ भने शत्रुहरू साथी जस्तो देखिन्छ। यस मामिलामा हितोपदेशले हामीलाई सतर्क गराएको छ।

**साथीबाट पाएको गाली पनि प्रेमको चिन्हो कहिले हुन्छ? हेर्नुहोस् हितोपदेश २७:५,६ “खुल्ला हप्की गोप्य प्रेमभन्दा असल हो। ६ मित्रबाट पाएको चोट पत्यार गर्न सकिने हुन्छ, तर शत्रुका चुम्बन भने प्रचुर हुन्छन्।"**

सत्य माया वा प्रेम केवल मिठो बोली र म्वाईहरूमात्र होइन। हामीले माया गरेकै कारणले कहिलेकाहीँ हामीहरूका साथीभाइ र छोराछोरीहरूलाई गाली गर्छौं। झट्ट हेर्दा त्यो नरमाइलो, बेठीक र आलोचना गरिएको जस्तो देखिन सक्छ। तर हामीहरूको बोलीले कहिलेकाहीँ साथीहरू पनि गुमाउनुपर्ने हुनसक्छ। तर तिनीहरूले गरिरहेका कामलाई सचेत गराएनौं भने यथार्थमा हामी कस्तो खालका साथी हौं र?

अरूले गलत काम गर्दा खुलमखुला हप्काउँदा त्यसले हामीहरूको माया देखावटी होइन भनेर देखाउँछ। तर हामीहरूको माया एक आपसी विश्वास, भरोसा र सत्यमा आधारित छ भनेर देखाउँदछ।

**साथीहरूको बीचमा धेरै कचकच भयो भने त्यसको नतिजा के हुन्छ रे? हेर्नुहोस् हितोपदेश २७:१७ “१७ फलामले फलामलाई तिखो पारेझैं एउटाले अर्को मानिसलाई तिखो पार्छ।"**

फलामलाई तिखो पार्ने फलामनै हुन्छ भनेर गरेको चित्रणले दुवै खालका व्यक्तिहरूले पाइने फाइदाको बारेमा देखाउँछ। साथीप्रति चासो रहेकोले उसलाई गाली गरेर सच्याउने चलनले मित्रता बढ्छ र दुवैजनाको सम्बन्ध मजबुत हुन्छ। दुबै जना झन झन असल हुनसक्छ। त्यसले गर्दा हामीहरूको भविष्यमा हुने संघर्षसँग सामना गर्न अझ राम्ररी तयार हुनसक्छौं। कसैको कुरा नसुन्ने आफूमात्र ठीक भनेर लिँढेढिपी गर्ने मानिस आफ्नो कुरामात्र सुन्छ र फरक तर्कले ल्याउने चुनौती, ज्ञान र चरित्रमा बिकास हुनुबाट रोक लागिन सक्छ।

**के तपाईंलाई चोत परेतापनि कसैले तपाई हप्काएको छ जसले गर्दा तपाईं सच्चिन अवसर पाउनुभएको छ? यदि तपाईंलाई सतर्क गराएन भने? यदि कसैलाई हप्काउनु छ वा सच्याउनु छ भने उसको**

मनमा चोत नपर्ने गरि आलोचना नगरि कसरी सकारात्मक रूपमा ठीक पार्नुहुन्छ?

## ५. शत्रुहरू, साथीको भेषमा (हितोपदेश २६:१७-२३)

हितोपदेश २६:१७-२३मा उल्लेखित मूल अर्तीहरू छन् जसले हामीलाई सिकाउन खोजेका छन्? हेर्नुहोस्: “१७ आफूसँग असम्बन्धित झगड़ामा हस्तक्षेप गर्ने बटुवा, र कुकुरको कान पक्रने व्यक्ति एउटै हो। १८ त्यो अगुल्टा वा घातक काँड़ हान्ने बौलाहाजस्तो हो, १९ जसले आफ्नो छिमेकीलाई छल गरिसकेपछि भन्छ, “मैले त ख्यालख्याल मात्रै गरेको थिएँ!” २० दाउराविना आगो निभ्छ, कुरौटेविना खिचोला शान्त हुन्छ। २१ भुङ्ग्राको लागि कोइला र आगोको लागि दाउराझैं कलह सल्काउनका निम्ति झगड़िया मानिस हुन्छ। २२ कुरौटेका शब्दहरू मीठो गाँसजस्तै हुन्छन्, ती मानिसको भित्री भागसम्मै पुग्छन्। २३ माटोको भाँड़ोमा चाँदीको जलप लाएझैं दुष्ट हृदयका जोशिला ओठ हुन्छन्।"

मानिसको बोली वचनमा कस्तो शक्ति हुन्छ भनेर हितोपदेशको पुस्तकले बताउँदछ। यसबेला कचकच र फताहा कुरा गर्दा कस्तो हानी हुन्छ भनेर उल्लेख गरिएको छ। कसैले तपाईंको सामु चिप्लो घसेर तपाईंको शत्रुको बारेमा चर्चा गर्दा तपाईं त्यसको मित्र हुनुहुँदो रहेछ भनेर तपाईंलाई सोचाइमा पार्दछ। तर तिनीहरू अँगार जस्तै हुन्। तिनीहरूले तपाईंमा झगडाको बिऊ रोपी दिन्छ र तपाईंलाई अझ बढि समस्याको आगोमा हुत्याइ दिन्छ।

"मिठो वा न्यानो बोली" चिप्लो र नरम देखिन्छ जसमा दुष्ट हृदय वा नियत लुकेको हुनसक्छ (पद २१)। चुनाव जित्न सापती आश्वासनले जनतालाई मक्ख पार्ने संस्कार बोकेको नेता, आफ्नो मालको बारेमा अनेकन् लोभ्याउने विज्ञापन गर्ने बिक्रेता र युवतीलाई फसाउन मायाको जालो हान्ने व्यक्ति आदिले नरम र मिठास बोलीको शक्तिको बारेमा पूरा जानकारी भएको हुन्छ।

हामीहरूको कानले सुन्दा कस्तो मिठो बोली, कस्तो ठीक कुरा गर्‍यो भनेर सराहना गर्‍यौं भनेतापनि त्यसलाई आत्समात् वा विश्वास

नगर्न माथिका पदहरूले हामीलाई सतर्क गराउँछन्। बाहिर हेर्दा तिनीहरूको बोली इमान्दारी र हामीहरूप्रति धेरै चासो वा वास्ता गरेको जस्तो देखिन्छ तर तिनीहरूको भित्री नियतमा ब्वाँसो लुकिरहेको हुन्छ। त्यसता खालका मानिसहरूबाट हामी कुनै न कुनै समयमा धोका पाइसकेका छौं। "तिम्रै लागि मैले भनेको हो" भनेर हामीहरूको दिमागमा त्यस्तो व्यक्तिले हामीप्रति माया देखाएको जस्तो गरेर भन्छ तर उसको भित्रीमनले त्यसबाट कसरी फाइदा उठाउँ वा कसरी फसाऔं भनेर उसले सोचिरहेको हुन्छ। यस्तो खालको हामीलाई नियन्त्रण गर्न कठित तथा झुठो मायाको बोलीको हितोपदेशको पुस्तकले कडा रूपमा विरोध गर्दछ।

"येशूको उपासक छु भनेर दावी गर्ने जो कोही को पनि जीवन सूर्यको किरण जस्तो पारदर्शी हुनुपर्छ। सत्य बोली वा सत्यता परमेश्वरबाट हो। सबै खालका झुठाहरूको स्रोत शैतान हो। सधैं सही सत्य कुरा गर्न त्यति सजिलो छैन। यथार्थमा यदि जे सत्य छ त्यसको बारेमा राम्रोसँग जानकारी छैन भने हामीहरूले सधैं ठीक वा सत्य बोल्छौं भन्ने छैन। कतिपटक हामीहरू देख्ने वा सुन्ने बितिक्कै मक्ख हुन्छौं, अरूको गलत कुरालाई पनि ठीक भनेर मूल्याङ्कन गर्छौं । हामीहरू आफैमा विषयवस्तुको बारेमा राम्रोसँग ज्ञान नभएकोले अरूको कुरालाई मान्न आत्तुरी हुन्छौं र जे बोल्यो त्यही सही भनेर हामीले अरूको लहै लहैमा लाग्छौं। तर त्यस्तो खालको मनस्थितिले परमेश्वरको नजरमा जे ठीक छ त्यो कुरा स्वीकार गर्न हामीलाई बाधा दिइरहेको हुनछ। यदि हामीहरूको दिमागलाई सत्य परमेश्वरको निर्देशनमा चलाउन दिंदैनौं हामीले पनि सत्य कुरा गर्न सक्दैनौं।"-एलेन जी ह्वाइट, रिफ्लेक्टिङ्ग क्राइस्ट, पृ. ७१बाट रूपान्तरित।

तपाईंले जे बोल्नुहुन्छ त्यो सत्य छ भनेर तपाईं ढुक्क हुनुभएको छ? अरूको अगाडि बोल्दाखेरी अरूको कुरा सुन्न पनि तपाईं कतिको तयार हुनुभएको छ? तपाईंको बोली र सोच वा नियतसँग कतिको पारस्परिक सम्बन्ध छ वा छैन? तपाईंको व्यवहारले तपाईंको बोलीको सत्यतालाई कसरी जनाउँछ? झुठो नियत, झुठो बोली वा अरूलाई

फसाउने आनिवानी के तपाईंले सधैं लुकाइराख्न सक्नुहुन्छ र? हेर्नुहोस् मत्ती १०:२६,२७ "यसकारण तिनीहरूसँग नडराओ। किनभने ढाकेर प्रकट नहुने र लुकेर थाहा नहुने केही छैन। २७ जे म तिमीहरूलाई अन्धकारमा भन्दछु, त्यो तिमीहरूले उज्यालोमा भनिदेओ, र जे तिमीहरूले कानमा सुन्छौ, त्यो घरका धुरीहरूबाट प्रचार गर।"

## उपसंहार:

थप जानकारी "परमेश्वरको आत्माले हामीलाई अगुवाई गर्नुहुन्छ भन्दैमा हामीहरूको दिमाग र दक्षतालाई प्रयोग गर्नबाट बन्चित गराउँदैन। बरू हामीसँग भएका दिमाग र प्रतिभाहरूलाई परमेश्वरको महिमाको निम्ति कसरी प्रयोग गर्नुपर्छ भनेर पवित्र आत्माले सिकाउँदछ। यदि परमेश्वरको विशेष अगुवाईमा मानव दिमागहरू चल्छ भने तिनीहरूले यस संसारको निम्ति उत्तम लक्ष्य बोकेर परिचालन गराउदछ। सिमित ज्ञान भयो भन्दैमा ख्रीष्टका उपासकहरू अझ नम्र वा अध्यात्मिक बन्छन् भन्ने छैन। परमेश्वरका वचनमा भएका विभिन्न सत्यहरूलाई शिक्षित येशूभक्तहरूले राम्रोसँग बुझ्न सक्छन्। सत्य ज्ञानबुद्धिले ख्रीष्टको सेवा गर्ने येशूभक्तले सही रूपमा उहाँको भाऊ बढाउँछ वा उहाँको महिमा गर्छ। सही शिक्षादीक्षाको महान् उद्देष्य भनेकै बाइबललाई बुद्धि पुऱ्याएर सिकाउन र परमेश्वरको महिमा सही रूपमा गर्न उहाँले हामीलाई दिनुभएको क्षमतालाई प्रयोग गर्न सक्नु हो।

सुसमाचार प्रचार गर्न जीवन र दक्षता हामीलाई परमेश्वरले दिनुभएकोले हामी उहाँप्रति आभारित छौं। ती दक्षता वा प्रतिभाहरूको बिकास गर्ने र सुधार गर्ने हामीहरूको कर्तव्य हो। सृष्टिकर्ता परमेश्वरले हामीलाई सृष्टि गर्नुभएर जीवन दिनुभएकोले उपरोक्त काम गर्न उहाँप्रति हामी ऋणी भएर चल्नुपर्छ।"- एलेन जी ह्वाइट, काउन्सील टु पारेन्टस्, टिचर्स एण्ड स्टुडेन्टस्, पृ. ३६१,३६२बाट रूपान्तरित।

## चिन्तनमनन:

अ. दैनिक जीवनमा हामीले सामना गर्नुपरेका वा नबुझेका रहस्यहरूको बारेमा चिन्तन् गर्नुहोस्, जस्तैः प्रकृतिमा, मानिस

मानिसको बीचमा हुने सम्बन्धमा, नदेखेतापनि आस्था र विश्वास गरिने आस्था र विश्वासको बारेमा, परमेश्वरको स्वभाव र उहाँले हामीलाई दिनुहुने मुक्तिको बिषय आदिहरू। यो तितो सत्य हो कि जति हामीले सिक्यौं त्यति हामीमा ज्ञानको कमी भएको महसूस गर्छौं। अझ आध्यात्मिक विषयहरूमा त झन बढि अज्ञान भएको हामी किन महसूस गर्छौं?

आ. कुन कुन केही सत्य भनेर दावी गर्ने वा परम्पराको नाउँमा मानिसहरूले पकडि राख्ने सत्य वा संस्कारहरू छन् जुन परिवर्तन भइरहेका छन्? अनन्तको, जगतव्यापी र अपरिवर्तनशील सत्य र तिनीहरूको बीचमा हामीले कसरी छुट्याउने? मानिसले सृजना गरेका सत्य र परमेश्वरको सत्यको बीचमा हुने भिन्नताको बारेमा जान्न किन जरुरी छ? यदि तिनीहरूको बीचमा भिन्नतालाई हामीले जान्न सकेनौं भने त्यो किन खतरनाक हुनसक्छ?

इ. बुद्धिमानी र चलाक मानिसहरू आफ्ना साथीहरूलाई नजिक राख्छन् तर शत्रुहरूलाई त झन नजिक राख्छन्। त्यसको अर्थ के हो? येशूका उपासक भएको हैशियतले त्यो कुरालाई कसरी लिने? मत्ती १०:१६ले यस मामिलामा हामीलाई कसरी सहयोग गर्छ? हेर्नुहोस्ः "१६ "हेर, म तिमीहरूलाई ब्वाँसाहरूका बीचमा भेड़ाझैं पठाइरहेछु, यसकारण तिमीहरू सर्पझैं चनाखो र ढुकुरझैं निर्दोष होओ।"